# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल काठमाडौ ।

## सार्वजनिक सूचना !

मिति: २०८२/५/२९

**विषयः <u>हराएका/चोरी भएका जिन्सी सामान सम्बन्धमा</u> ।**

मिति २०८२/५/२४ गतेको आन्दोलनको क्रममा यस आयोग र मातहतका कार्यालयहरु (इटहरी, हेटौडा, पोखरा, बुटवल लगायत) मा भएको तोडफोड, आगजनी र चोरी एवं लुटपाटबाट सवारी साधनहरु (चार पाङ्ग्रे र दुइ पाङ्ग्रे), टि.भि., कम्प्युटर सेट, माइक्रो ओभन, विभिन्न साइजका हार्ड डिस्क, स्क्यानर, क्यामरा, आइप्याड, मोवाइल, ल्यापटप, हिटर, पङ्खा लगायतका सामानहरु लुटपाट एवं चोरी भएका छन्। उक्त तोडफोड र चोरीमा संलग्नहरुको सिसिटिभि फुटेज मार्फत पहिचान गर्ने कार्य भैरहेको हुँदा कोही कसैले आयोग र आयोग मातहत कार्यालय परिसरबाट यस्ता सामग्री लिएको वा प्राप्त गर्नु भएको भए उक्त सामग्रीहरु काठमाडौको हकमा प्रहरी वृत्त मालीगाउँ, काठमाडौ वा यस आयोगको कार्यालय टङ्गालमा र आयोगका मातहत कार्यालयको हकमा तत् तत् कार्यालय वा नजिकको प्रहरी कार्यालयमा आई सामान बुझाई दिनुहुन अनुरोध छ । अन्यथा कानून बमोजिम भइजाने व्यहोरा समेत जानकारी गराइन्छ ।